स्थापना.२०४५सन १९८८ का.जि.द.न.१४९।०५३।०५४

# नेपाल मानव अधिकार संगठन
# Human Rights Organisation of Nepal

केन्दीय कार्यालय, अनामनगर, काठमाण्डौं (Central Office, Kathmandu)

मिति- २०७४ /८/१३

## वम विष्फोटको भत्सर्ना

निर्वाचनका कार्यक्रमहरु सार्वजनिक भई प्रथम चरणमा मंसिर १० गते सम्पन्न भई रं २१ गते वाँकी स्थानमा निर्वाचन हुँदै छ । यस अवस्थामा विप्लव समुह लगायतको नाममा देशभर लगातार विस्फोट भएका छन् । नुवाकोट र दाङको घटना हिम्सात्मक भएका छन् । आज भर्खर उदयपुर नेपालटारमा भएको विष्फोटमा नेपाली काँग्रेसका नेता एवं प्रतिनिधि सभा उमेद्वार नारायण कार्की लगायत पाँच जना घाईते भएको घटना र समाचार प्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।

सो घटनाको मानवअधिकार संगठन घोर भ्रत्सना गर्दछ । सो कार्यलाई कायरताको पराकाष्टा मान्दै जुन सुकै व्यक्ति वा समूहले सो घटना घटाएको भए पनि त्यस्ता कार्य मानव अधिकारको विश्वव्यापी घोषणापत्र एवं नेपालको संविधानको प्रतिकुल भएकाहुँदा यस्तोकार्य नगर्न संगठन सम्बद्ध सवैपक्षसँग अपील गर्दछ ।

उक्त घटनाको तत्काल अनुसन्धान गरी निर्वाचन विथोल्ने सवै समुहलाई वार्ता वा कानूनको दायरामा ल्याउन संगठन नेपाल सरकारसँग माग गर्दै घटनाका घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं । साथै, उपचारका लागि पर्याप्त प्रबन्ध गर्न पनि सरकारसँग अनुरोध गर्दछौं ।

ईन्द्र प्रसाद अर्याल

अध्यक्ष